# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०१ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

१. केन्द्रिय गृहमन्त्रालयद्वारा आयोजित भोली हुने त्रिपक्षीय बैठकमा भाग लिन दार्जीलिङका सासद राजु विस्टको नेत्रित्वमा घटक दलका नेताहरु दिल्ली प्रस्थान भएका छन।

२. खरसाङमा ट्रेनको धक्काले बालिकाको निधनपछि न्यायको मागमा सभा सम्पन्न भएको छ।

३. भारत सरकारको संस्कृति मंत्रालय अधिनस्त कोलकाताको ऐतिहासिक इंडियन म्यूजियममा बम भएको धमकी प्राप्त भएपछि इलाकामा हंगामा मच्चिएको खबर छ।

४. पश्चिम बंगालको मतदाता सूचीमा भएको कथित गड़बड़ीलाई लिएर राजनीतिक हावा तात्तिएको छ।

## त्रिपक्षीय बैठक

केन्द्रिय गृहमन्त्रालयले ०२ अप्रेल २०२५ अर्थात भोलि गरिने भनिएको त्रिपक्षीय बैठकलाई दार्जिलिङ पहाडसगै सम्पुर्ण देशमा बस्ने गोर्खा समुदायले खुबै चासोको रूपमा हेरिरहेका छन भने केन्द्र सरकारसग संबंधित विभिन्न राजनैतिक दलहरूले यसले गोर्खाहरुको भाग्यलाई निर्धारण गर्न सक्ने अपेक्षा गरेका छन। यसैबीच पश्चिम बंगालबाट भारतीय जनता पार्टी (भाजपा) का 12 नेताहरुको एक प्रतिनिधिमंडल दिल्लीमा भोलि हुने त्रिपक्षीय बैठकमा सामेल हुनेछन्। केंद्र सरकार द्वारा बोलाईएको यस बैठकको उद्देश्य दार्जिलिंग, खर्साङ अनि कालेबुङको क्षेत्रको स्थायी राजनीतिक समाधानबारे विचार-विमर्श गर्नु हो। यो बैठक भोलि 2 अप्रैलको दिन राष्ट्रीय राजधानीमा हुनेछ। जसको लागि प्रतिनिधिमंडलका सदस्यहरु आज अपरान्ह दिल्ली प्रस्थान भएका छन्। प्रतिनिधिमंडलमा 11 जना भाजपा विधायकहरु अनि एक लोकसभा सांसद सामेल छन्। दार्जिलिंगबाट भाजपा सांसद राजू बिष्टको नेतृत्वमा यो टोलीले बैठकमा भाग लिनेछन्। उहाँसित सिलगडीका विधायक डॉ. शंकर घोष, दार्जिलिंगका विधायक नीरज जिंबा, फांसीदेवाबाट दुर्गा मुर्मू, माटीगाड़ा-नक्सलबाड़ीबाट आनंदमय बर्मन, नागरकट्टाबाट पुना भेंगरा, कालचीनीबाट विशाल लामा, डाबग्राम-फूलबाड़ीबाट शिखा चटर्जी, माथाभांगाबाट सुशील बर्मन, तूफानगंजबाट मालती राभा रॉय, मयनागुड़ीबाट कौशिक रॉय अनि गाजोलबाट चिन्मय देब बर्मन पनि सामेल रहनेछन्। राजू बिष्टले यस बैठकलाई गैर-राजनीतिक बताउदै भन्नुभयो - "संभवतः केंद्र सरकारसित पहाड़ि क्षेत्रको विकासलाई लिएर कुनै ठोस योजना रहेको छ र यसैले यो त्रिपक्षीय बैठक बोल्याएको हो। येद्धपी तृणमूल कांग्रेसले यस बैठक माथि प्रश्न उठाएको छ। पार्टीको दार्जिलिंग हिल अध्यक्ष अनि पूर्व राज्यसभा सांसद सांता छेत्रीले बैठकलाई केवल एक छल बताउनुभएको छ।

## मकैबारी

खरसाङमा ट्रेनको धक्काले बालिकाको उपचारको क्रममा सिलिगुढीको एक निजी अस्पतालमा निधन भएपछि बालिकाको न्यायमा एक उच्च स्तरीय सभा सम्पन्न भएको छ।

बाइट

यस अघि बालिकाको निधन भएपछि स्थानीयवासीले बालिकाको न्यायको मांग गर्दै खरसाङ रेलवे स्टेशनमा बिहानदेखि स्थानीयहरुले धरणा प्रदर्शन गरेका थिए। अर्कोतिर मृत्यु भएकी बालिकाको शव आज दिउसो पोस्ट माटमको निम्ति उत्तर बगाल मेडिकल कलेज एव अस्पतालमा लगिएको थियो भने माटमपछि शवलाई बेलुकासम्म उनको निवास कैलापानी मकैबारीमा ल्याइएको छ।

## बमको-धमकी

भारत सरकारको संस्कृति मंत्रालय अधिनस्त कोलकाताको ऐतिहासिक इंडियन म्यूजियममा बम भएको धमकी प्राप्त भएपछि इलाकामा हंगामा मच्चिएको खबर छ। आज बिहान म्यूजियम प्रशासनलाई एउटा धमकीपूर्ण ईमेल प्राप्त भए पछि पुलिसलाई तुरन्तै सूचित गरियो। सुरक्षालाई ध्यानमा राख्दै म्यूजियम खाली गरियो अनि बम स्क्वाडको दल घटना स्थलमा पुगे। बम निरोधक टोलीले म्यूजियम परिसरको जांच शुरू गरे। यस घटनाको कारण स्थानीय मानिसहरु अनि म्यूजियममा रहेका पर्यटकहरु आतंकित बने। पुलिसले त्येर मेलको वास्तविकता बारे जांच गरिरहेको छ। येद्धपी आज अपरान्ह खबर लेखिन्जेलसम्म म्यूजियम भित्र कुनै पनि संदिग्ध बस्तु प्राप्त भएको थिएन। यो केवल एक धमकीपूर्ण ईमेल रहेको पुलिस

अधिकारिहरुको भनाई छ । उल्लेखनीय छ , कोलकातामा पहिला पनि यस प्रकारको धमकिहरु प्राप्त भैसकेको छ , जसले गर्दा सुरक्षा एजेंसिहरु अघिबाटै सतर्क रहेका छन् । पुलिसले मामलाको जांच गरिरहेको छ अनि मेल पठाउनेलाई चिन्हित गर्ने प्रयास गरिरहेको छ ।

**चुङथुङ**

चुङथुङ मेरिबोङ तामसाङ समष्टि अधिनस्त पदम स्मृति रंगमंच भवन लोवर चुङथुङमा समष्टि स्तरीय जीटीए आइडलको अन्तिम अडिसन कार्यक्रम आज सम्पन्न भयो। कार्यक्रममा समष्टि सभासद सन्दिप छेत्री सगै प्रमुख अतिथीको रूपमा सूचना एवं सांस्कृतिक विभाग कार्यकारी सभासद अनोस थापा, सुकियापोखरी जोरबङलो खण्ड पन्चायत समिति चेयरमेन सोनाम डोमा डुक्पा, चुङथुङ ग्राम पञ्चायत प्रधान अनिता तामाङ, मेरीबुङ लिंगीय ग्राम पञ्चायत प्रधान सन्नी तामाङ, कर्माध्याक्ष अरूण छेत्री, उप प्रधान विनोद सुब्बा, लगायत वार्ड सदस्यहरु उपस्थित थिए। सचिन प्रधान र नुरन राई द्वारा संचालित कार्यक्रममा पहिलो राउण्डमा 13 जना प्रतियोगीहरुले भाग लिएका थिए भने दोस्रो राउन्डमा पाँच जना प्रतियोगीहरुमध्ये करिश्मा राई समष्टि स्तरीय आईडल बनिन्। यसका साथै कार्यक्रममा गीत संगीत र कलाको क्षेत्रमा आवद्ध छ जना सर्जकहरुलाई साल ओढाएर सम्मान पत्र प्रदान गरेर सम्मान जनाईयो।

**पल्लवीब**

गुरुकुल एजुकेसनल फाउन्डेसन सगै नेपाल कलेज म्यानेजमेन नेपालद्वारा प्रदान गरिने ख्यातिप्राप्त युवा पुरस्कार गाम बेसीका कवि क्षेत्र प्रताप अधिकारी युवा साहित्य पुरस्कार २०८१ को शीर्ष ४ काव्यसंग्रहहरुको सुचीमा दार्जिलिङ पुलबजार खण्डको झेपी ग्रामका युवा सर्जक कवि पल्लविबको "लाटी" कविता सग्रह परेको छ। उक्त घोषण गरेको आयोजक समितिले एक सोसियल मिडिया पोस्ट गर्दै जनाएको छ भने अन्य तीन काव्यमा सिजन श्रेष्ठको हावामा अल्झिएको स्वर, सुभासिसको कविता कृति ''क'' तथा सुरज राणाको जब कविता निस्कन्छ जुलूसमा चयनीत भएका समेत जनाएको छ। यस पुरस्कार यसै बर्ष युवा सर्जकहरुद्वारा प्रकाशित हुने कृतिहरुबाट प्रदान गरिने ख्यातिप्राप्त युवा पुरस्कार हो भने उक्त पुरस्कार प्रत्येक बर्ष नेपालको प्रहिलो म्यानेजमेन्ट कलेज स्थापन गर्ने कवि क्षेत्र प्रताव अधिकारीको नाममा प्रदान गरिन्छ। यसका साथै उक्त पुरस्कारको फलाफल आगामी ६ अप्रेलमा कलेजमा हुने कार्यक्रम घोषणसगै प्रदान गरिने थाहा लागेको छ।

**पश्चिम बंगाल- मतदाता सूची**

पश्चिम बंगालको मतदाता सूचीमा भएको कथित गड़बड़ीलाई लिएर राजनीतिक हावा तात्तिएको छ । भारतीय जनता पार्टी (भाजपा)-ले यस मुद्दामा ऱ्याली आयोजना गर्ने योजना बनाएको थियो, तर पुलिसले अनुमति नदिएको कारणले अब पार्टी कलकत्ता हाई कोर्टको शरणमा पुगेको छ।आज न्यायमूर्ति तिर्थंकर घोषले भाजपाको याचिकालाई स्वीकार गरे, अब यसमाथि 2 अप्रेलमा सुनवाई हुनेछ। भाजपाले भोलि बुधवार अपरान्ह 2 बजेदेखि साँझ 6 बजेसम्म कलेज स्क्वायरदेखि चुनाउ आयोग कार्यालयमा ऱ्याली निकाल्ने योजना बनाएको थियो जसको नेतृत्व विपक्षका नेता शुभेन्दु अधिकारीले गर्ने निश्चित भएको थियो। तर पुलिसले यसको निम्ति अनुमति दिएन। त्यसैले भाजपाले अदालतसित हस्तक्षेप गर्ने माग गरेको छ। यसअघि तृणमूल कंग्रेसले पनि मतदाता सूचीमा व्याप्त कथित अनियमितताहरूलाई लिएर आवाज उठाएको थियो। मुख्यमन्त्री ममता ब्यनर्जीले सूचीमा अन्य राज्यका "मानिसहरू" अर्थात नक्कली मतदाताहरूलाई सामेल गरिएको दाबी गरेकी थिइन् । यसबाहेक एउटै ईपीआईसी नम्बर (मतदाता पहिचान पत्र संख्या)-मा धेरैवटा नाम दर्ता भएको समस्यालाई तृणमूलले पनि उजागार गरेको थियो। तृणमूलको लगातार दबावपछि चुनाउ आयोगले मतदाता सूचीमा संशोधन गर्ने निर्णय लिंदै आगामी छः महिनाभित्रमा यसलाई सुधार्ने आश्वासन दिएको छ । अब भाजपाले पनि यसै मुद्दालाई लिएर सड़कमा उत्रिने तयारी गरिरहेको छ। निष्पक्ष मतदाता सूची सुनिश्चित गर्नको लागि पार्टीले चुनाउ आयोग माथि चाप दिने पार्टीको भनाइ छ । शुभेन्दु अधिकारीको अगुवाईमा प्रस्तावित ऱ्याली हुन्छ वा हुँदैन त्यो हाई कोर्टको फसेलापछि तय हुनेछ ।

**तकदाह**

तक्दाह ग्लेनवर्ण समष्टि अधिनस्त मानेडाँडा ग्राम पञ्चायत अन्तर्गत तक्दाह चियाबारी, मालीधुरा वडा न. ४ निवासी तिलक कुमारी गुरुङको घरमा गत राति आगोलागी हुदा जलेर स्वाहा भएको खबर प्राप्त भएको छ। घटनाको ठोस कारण हालसम्म थाहा नपाएको तथा आवस्यक छानबिन शुरु भएको बताइएको छ। अर्कोतिर घटनाको खबर पाउन साथ भागोप्रमो तक्दाह ग्लेनवर्ण समष्टि अध्यक्ष पुलक मोक्तान, सचिव सुशोभित गुरुङ, मानेडाँडा ग्राम पञ्चायत प्रधान पासङ्कित लेप्चा, वार्ड सदस्या रोशनी तामङ्ग साथै सम्पूर्ण वार्ड सदस्यरु घटना स्थल पुगि घटनाको जायजा लिएका छन् भने समष्टि अध्यक्षद्वारा पिढितलाई तत्काल आर्थिक सहायता प्रदान गरेको बताइएको छ।